मितिः २०८३/०७/१७

मस्यौदामा राय सुझाव पठाउने सम्बन्धी सूचना

निर्माण आयोजना तथा पूर्वाधार विकाससँग सम्बन्धित बीमालाई थप व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउने, इञ्जीनियरिङ्ग बीमालेखमा एकरूपता कायम गर्ने र बीमितको हित संरक्षण गर्ने उद्देश्यले यस प्राधिकरणबाट "*इञ्जिनियरिङ्ग बीमा सम्बन्धी निर्देशन*" को मस्यौदा तयार गरिएको छ । उक्त मस्यौदा उपर तहाँको राय, सुझाव भएमा यो सूचना प्रकासन भएको मितिले सात दिनभित्र प्राधिकरणको बीमालेख शाखाको इमेल ठेगाना **beemalekh@nia.gov.np** मा उपलब्ध गराइदिन हुन यो सूचना प्रकाशन गरिएको छ । साथै, यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा प्राधिकरणका देहाय बमोजिमका कर्मचारीसँग सम्पर्क गर्न सकिने बेहोरा समेत अनुरोध छ ।

सम्पर्क व्यक्तिः

क्र.सं	नाम	पद	सम्पर्क नं.
१.	सुदिप गिरी	सहायक निर्देशक	९८४६०४७३१७
२.	लोक प्रसाद काफ्ले	सहायक निर्देशक	९८५११६४१६५

संलग्नः

१. "इञ्जिनियरिङ्ग बीमा सम्बन्धी निर्देशन" को मस्यौदा

इन्जिनियरिङ्ग बीमा सम्बन्धी निर्देशन, २०८३

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशनको नाम "इन्जिनियरिङ्ग बीमा सम्बन्धी निर्देशन, २०८३" रहेको छ ।

(२) यो निर्देशन प्राधिकरणबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशनमा:

(क) "प्राधिकरण" भन्नाले बीमा ऐन, २०७९ को दफा ३ बमोजिम गठन भएको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ ।

(ख) "बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम प्राधिकरणबाट इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले बीमा नियमावली, २०८१ सम्झनु पर्छ।

(ङ) "बीमित" भन्नाले यस निर्देशन बमोजिम बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(च) "बीमालेख" भन्नाले इञ्जिनियरिङ्ग बीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको यस निर्देशन बमोजिमको लिखत सम्झनु पर्छ र बीमालेखको तालिका, बीमालेखमा संलग्न क्लजहरु, सम्पुष्टिहरु तथा बन्देजहरु बीमालेखको अभिन्न अंग मानिनेछ।

(छ) "बीमाङ्क" भन्नाले रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(ज) "बीमा अवधि" भन्नाले इञ्जिनियरिङ्ग बीमालेखको प्रयोजनको लागि जोखिम प्रारम्भ भएको मिति देखि जोखिम समाप्त हुने मिति सम्मको समयावधि सम्झनु पर्छ। यस शब्दले त्रुटि सच्चाउने अवधि रहेको बीमालेखमा सो अवधिलाई समेत जनाँउछ।

(झ) "इन्जिनियरिङ्ग बीमा" भन्नाले यस निर्देशनको अनुसूची १ मा उल्लेखित बीमा सम्झनु पर्छ।

(ञ) "बीमाशुल्क" भन्नाले यस निर्देशन बमोजिम बीमा गर्दा बीमितबाट एकमुष्ट वा किस्तावन्दी रूपमा बीमकले लिने रकम सम्झनु पर्छ ।

(ट) "बीमादर" भन्नाले यस निर्देशन बमोजिम लगाइने न्यूनतम बीमाशुल्क दर सम्झनु पर्छ ।

(ठ) "सम्झौता कागजात" भन्नाले निर्माण कार्यका लागि परियोजना मालिक र निर्माण व्यवसायी बीच हुने सम्झौता सम्झनु पर्छ।

(ड) "सम्पुष्टि" भन्नाले बीमालेखको तालिकामा उल्लेखित विवरणमा आवश्यकतानुसार थपघट तथा संशोधन गर्नका लागि बीमालेखको एक अंगको रूपमा रहने बीमालेखसँग संलग्न थप लिखत सम्झनु पर्छ ।

(ढ) "अधिक (Excess / Deductible)" भन्नाले दाबी मूल्याङ्कन रकमबाट बीमकले अनिवार्य रूपमा घटाउने रकम सम्झनु पर्छ।

(ण) "बीमालेख तालिका" भन्नाले इन्जिनियरिङ्ग बीमा गर्दा जारी गरिने यसै निर्देशनमा उल्लेख भए बमोजिमको तालिका (सेडयुल) सम्झनु पर्छ ।

(त) "लक्षित पूर्ण क्षति (Constructive Total Loss)" भन्नाले बीमालेखले रक्षावरण गरेको कारणबाट बीमा गरिएको मेशिन, औजार वा प्लाण्टमा क्षति भई मर्मत गर्दा पुनः प्रयोगमा आउन सक्ने र बीमालेखमा उल्लेखित घोषित मूल्यको पचासी (८५) प्रतिशत वा सोभन्दा बढी तर घोषित मूल्यभन्दा कम हुने गरी मर्मत खर्च लाग्ने अवस्था सम्झनु पर्छ ।

(थ) "पूर्ण क्षति (Total Loss)" भन्नाले बीमालेखले रक्षावरण गरेको जोखिमको कारणबाट बीमा गरिएको मेशिन, औजार वा प्लाण्टमा क्षति भई पुनः प्रयोगमा आउन नसक्ने गरी नासिएको वा मर्मत गर्दा बीमालेखमा उल्लेखित घोषित मूल्य वा सोभन्दा बढी रकम मर्मत खर्च लाग्ने अवस्था सम्झनु पर्छ ।

परिच्छेद २

बीमालेख सम्बन्धी व्यवस्था

३. **प्रस्ताव फाराम :** (१) यस निर्देशन अन्तर्गत इन्जिनियरिङ्ग बीमा गर्नको लागि प्रस्तावकले अनुसूची-२ मा उल्लेख भए बमोजिमको प्रस्ताव फाराम बीमक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त फाराम पूर्ण रूपमा भरे नभरेको बीमकले यकिन गर्नु पर्नेछ।

(३) पूर्ण रूपमा भरिएको प्रस्ताव फाराम प्राप्त भए पश्चात अनुसूची-३ बमोजिमको सीमा भन्दा बढी बीमाङ्कको लागि बीमकले बीमा गरिने विषयवस्तुको (Subject Matter of Insurance) स्थलगत निरीक्षण गरी वा गराई जोखिम मूल्यांकन प्रतिवेदन अनिवार्य रुपमा तयार गर्नु पर्नेछ।

तर, अनुसूची-३ बमोजिमको सीमा भन्दा कम बीमाङ्कका लागि बीमकले जोखिमको प्रकृति तथा आवश्यकता अनुसार बीमा गरिने विषयवस्तुको (Subject Matter of Insurance) स्थलगत निरीक्षण गरी वा गराई जोखिम मूल्यांकन प्रतिवेदन तयार गर्न सक्नेछ।

(४) प्रस्तावकले बीमाको प्रस्ताव गर्दा सम्झौता कागजातमा रहेका बीमा सम्बन्धी व्यवस्थासँग सम्बन्धित कागजात बीमक समक्ष पेश गर्नु पर्नेछ।

४. **<u>बीमालेख जारी गर्नु पर्ने:</u>** (१) बीमकले दफा ३ बमोजिमको प्रस्ताव फाराम, जोखिम मूल्यांकन प्रतिवेदन तथा अन्य आवश्यक विवरणको आधारमा जोखिमाङ्कन गरी बीमालेख जारी गर्नु पर्नेछ ।

(२) बीमकले बीमालेख जारी गरे पश्चात स्वीकृत प्रस्ताव फाराम र बीमालेखको एक प्रति बीमितलाई तत्काल उपलब्ध गराउनु पर्नेछ।

(३) बीमकले उपदफा (२) बमोजिमको कागजातहरू बीमितले प्राप्त गरेको प्रमाण राख्नु पर्नेछ।

(४) बीमकले यस निर्देशनको अनुसूची-४ बमोजिम बीमालेख जारी गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बीमालेख जारी गर्दा आवश्यकता अनुसार अनुसूची-५ बमोजिमका अतिरिक्त जोखिम रक्षावरण (Add on cover) , शर्त (Conditions) तथा बन्देज (Warranties) हरु समावेश गरी बीमालेख जारी गर्नुपर्नेछ।

(६) उपदफा (४) तथा (५) बमोजिमको बीमालेख, अतिरिक्त जोखिम रक्षावरण, शर्त तथा बन्देजमा कुनै व्यवस्था थपघट गरी जारी गर्नुपर्ने भएमा प्राधिकरणको स्वीकृतिका लागि पेश गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम पेश हुन आएको बीमालेख, अतिरिक्त जोखिम रक्षावरण, शर्त तथा बन्देज प्राधिकरणले उपयुक्त ठानेमा स्वीकृति प्रदान गर्नेछ।

(८) बीमकले हुलदंगा तथा आतंकबाद जोखिम बीमितले रक्षावरण गर्ने वा नगर्ने यकिन गरी बीमालेख जारी गर्नु पर्नेछ।

(९) बीमितले हुलदंगा तथा आतंकबाद जोखिम रक्षावरण गर्ने भएमा बीमकले सो वापत लाग्ने थप बीमाशुल्क लिई बीमालेख जारी गर्नु पर्नेछ।

(१०) बीमकले बीमालेख जारी गर्दा जुन कार्यका लागि बीमा गर्न लागिएको हो उक्त कार्यको सम्झौता कागजातमा उल्लेखित बीमा सम्बन्धी व्यवस्था पूर्ण रुपमा पालना हुने गरी बीमालेख जारी गर्नु पर्नेछ।

५. **<u>आपसी समझदारीमा गर्न सकिनेः</u>** परियोजना अन्तर्गतका ठेक्काको बीमाको हकमा देहाय बमोजिमको जोखिमको रक्षावरण बीमक र बीमितको आपसी समझदारीमा अतिरिक्त बीमाशुल्क लिई सम्पुष्टी जारी गर्न सकिनेछ ।

(क) बीमितले स्वयम् (ठेकेदार बाहेक) उपलब्ध गराएको सामग्री तथा मालवस्तु (Materials and Items supplied by Principal)

(ख) निर्माण सम्बन्धी प्लान्ट तथा औजार (Construction Plant and Equipment)

(ग) निर्माण सम्बन्धी उपकरण (Construction Machinery)

(घ) भग्नावशेष हटाउने (Internal and External Debris Removal)

६. **<u>बीमालेखको अवधिः</u>** (१) बीमा गरिने सम्पत्ति तथा परियोजनाको प्रकृति अनुसार बीमालेखको अवधि एक बर्ष, एक बर्ष भन्दा बढि वा कम हुन सक्नेछ।

(२) परियोजना अन्तर्गतका ठेक्काको हकमा सम्बन्धित ठेक्काको अवधि र बीमालेखको अवधि बराबर हुने गरी बीमालेख जारी गर्नु पर्नेछ ।

(३) एक बर्ष भन्दा कम अवधि कायम गरी बीमा हुने सम्पत्ति वा परियोजना अन्तर्गतका ठेक्काको हकमा छोटो अवधिको बीमालेख जारी गर्नु पर्नेछ।

(४) परियोजना अन्तर्गतका ठेक्काको हकमा बीमालेख जारी मिति र जोखिम प्रारम्भ मिति फरक गरी बीमालेख जारी गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिम जारी हुने बीमालेखको हकमा जोखिम प्रारम्भ मिति सम्झौता कागजातमा उल्लेखित कार्य प्रारम्भ मिति कायम गर्नु पर्नेछ।

(६) बीमा प्रयोजनको लागि उपदफा (५) बमोजिमको रक्षावरण प्रारम्भ भएको मितिबाट परियोजना अन्तर्गतका ठेक्काको अवधि र त्रुटि सच्चाउने अवधि थप गरी बीमा अवधि कायम गर्नु पर्नेछ।

७. **बीमालेखको संशोधन सम्बन्धी व्यवस्थाः** बीमालेख प्रारम्भ भए पश्चात सम्पत्ति वा परियोजनाको मालिक तथा बीमितको सँयुक्त सहमति नलिई बीमालेखको शर्त सुविधामा कुनै संशोधन वा परिमार्जन गर्न पाइने छैन ।

८. **बीमालेख खारेजः** (१) परियोजनाको मालिक तथा बीमितले सँयुक्त रुपमा बीमालेख खारेज गर्न लिखित रुपमा अनुरोध गरेमा बीमकले बीमालेख खारेज गर्न सक्नेछ।

(२) बीमालेख खारेज गर्दा कुल बीमा अवधिको २५ प्रतिशत भन्दा बढी अवधि बाँकी रहेको र दाबी नपरेको बीमालेख मात्र खारेज गर्न सकिनेछ।

(३)वार्षिक बीमालेख खारेज गर्दा बीमितलाई बहाल रहेको अवधिको लागि छोटो अवधिको बीमादर अनुसार बीमाशुल्क कट्टा गरी बाँकी बीमाशुल्क फिर्ता गर्नु पर्नेछ।

(४) एक वर्ष भन्दा बढी अवधि रहेको परियोजनाको बीमालेख खारेज गर्दा बीमितलाई बाँकी अवधिको बीमाशुल्क समानुपातिक रुपमा फिर्ता गर्नु पर्नेछ।

९. **तालिकामा खुलाउनु पर्ने :** बीमालेखमा समावेश गरिने अतिरिक्त जोखिम रक्षावरण (Add on cover), शर्त (Conditions) तथा बन्देज (Warranties) को पूर्ण व्यहोरा बीमालेखको तालिकामा खुलाउनु पर्नेछ।

परिच्छेद ३

बीमादर सम्बन्धी व्यवस्था

१०.**बीमादर तथा बीमाशुल्कः** (१) यस निर्देशन बमोजिम जारी हुने मूल बीमालेख तथा अतिरिक्त जोखिम रक्षावरण बीमालेखको बीमाशुल्क अनुसुची-६ मा उल्लेख भएको बीमादरको आधारमा गणना गर्नु पर्नेछ ।

(२) बीमालेख जारी गर्दा अनुसूची-७ बमोजिमको बीमाशुल्क गणना तालिका (Premium Calculation Sheet) अनुसार गणना गरी उक्त तालिका बीमालेखमा संलग्न गर्नु पर्नेछ ।

(३) बीमकले पूरा बीमाशुल्क प्राप्त नगरी बीमालेख जारी गर्न पाउने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक वर्षभन्दा बढी अवधि रहेको परियोजना अन्तर्गतका ठेक्काको बीमा गर्दा बीमालेख जारी भएको एक वर्षभित्र पूरा बीमाशुल्क प्राप्त गर्ने गरी किस्ता निर्धारण गरी किस्ताबन्दीमा बीमाशुल्क लिन सकिनेछ ।

(५)उपदफा (४) बमोजिम किस्ताबन्दीमा बीमाशुल्क लिई जारी गरिने बीमालेखको हकमा बीमालेख जारी भएको मितिले ६० दिन भित्र कुल बीमाशुल्कको न्यूनतम एक तिहाई भन्दा कम नहुने गरी बीमाशुल्क लिनु पर्नेछ ।

(६) परियोजना अन्तर्गतका ठेक्काको बीमा कुनै कारणले रद्द भएको रहेछ भने सोही परियोजनाको फेरी बीमा गर्दा (जुनसुकै बीमकमा) किस्ताबन्दीमा बीमाशुल्क लिई बीमालेख जारी गर्न पाइने छैन ।

(७) तोकिएको अवधि भित्र कार्य सम्पन्न नभई परियोजनाको म्याद थप भएको अवस्थामा त्यसरी थप भएको अवधिको बीमा गर्दा एक बर्ष भित्र पूरा बीमाशुल्क लिइसक्ने गरी किस्तावन्दीमा बीमालेख जारी गर्न वाधा पर्ने छैन ।

तर, एक बर्ष भन्दा कम अवधि थप भएको अवस्थामा पूरा बीमाशुल्क लिई बीमालेख जारी गर्नु पर्नेछ।

(८) छोटो अवधि लागि जारी गरिएको बीमालेखको बीमाशुल्क दर अनुसूची-८ बमोजिम हुनेछ।

(९) म्याद थप भएको परियोजनाको हकमा थप गरिएको अवधिको बीमादर साविक बीमा अवधिको बीमादरलाई आधार मानी समानुपातिक रुपमा कायम गर्नुपर्नेछ।

(१०) म्याद थप भएको परियोजनाको जोखिमको प्रकृति, जोखिमको स्तर वा बीमाङ्कमा उल्लेखनीय परिवर्तन भएको अवस्थामा सोको वस्तुगत आधार र औचित्य अभिलेखमा राखी बीमादर समायोजन गर्न सकिनेछ।

(११) एउटै परियोजना अन्तर्गत फरक फरक जोखिम भएका बीमा गरिने विषयवस्तु भएमा अनुसूची-६ बमोजिम फरक बीमादर लिई बीमाशुल्क निर्धारण गर्नु पर्नेछ ।

११. **<u>बीमाशुल्क दर घटाउन नहुने</u>** : यस निर्देशनमा तोकिएको न्यूनतम बीमाशुल्क दर भन्दा कम दरमा बीमाशुल्क निर्धारण गरी बीमालेख जारी गर्न पाइने छैन।

परिच्छेद ४

विविध

१२.**त्रुटी सच्याउने अवधि सम्बन्धी व्यवस्थाः** (१) परियोजना अन्तर्गतका ठेक्काको निर्माण समाप्त भई हस्तान्तरण भएपश्चात त्रुटी सच्याउने अवधिको लागि बीमालेखले देहाय बमोजिमको रक्षावरण प्रदान गर्नेछ ।

(क) निर्माण व्यवसायीले त्रुटी सच्याउने दायित्वको अवधिमा आफ्नो दायित्व पालन गर्ने क्रममा भएको हानि नोक्सानी, र

(ख) त्रुटी सच्याउने दायित्वको अवधि प्रारम्भ हुनु अघि उत्पन्न भएको कुनै कारणबाट त्रुटी सच्याउने दायित्वको अवधिमा भएको हानि नोक्सानी ।

(२) उपदफा (१) मा उल्लेख भएका जोखिम बाहेक अन्य जोखिमको रक्षावरण गर्नु पर्ने भएमा सम्पत्तिको स्वामित्व भएको व्यक्ति वा संस्थाले सम्पत्ति बीमा गर्नु पर्नेछ।

१३.**ह्रासकट्टी सम्बन्धी व्यवस्थाः** (१) दाबी भुक्तानी प्रयोजनको लागि बीमा गरिएको सम्पत्तिमा पूर्ण क्षति (Total Loss) भएमा प्रतिस्थापन मूल्य वा बीमाङ्क जुन बढी हुन्छ सोमा अनुसूची-९ मा उल्लेख भए ह्रासकट्टी दर लागु गर्नुपर्नेछ।

तर, पुनर्स्थापना मूल्य बीमालेख तथा घोषणा बीमालेखमा आंशिक नोक्सानी भएको रहेछ भने उक्त अवस्थामा ह्रासकट्टी सम्बन्धी व्यवस्था लागू हुनेछैन ।

(२) उपदफा (१) बमोजिमको ह्रासकट्टी दर बीमकले बीमालेखसँग संलग्न गरी बीमितलाई प्रदान गर्नु पर्नेछ।

१४.**अधिक सम्बन्धी व्यवस्था :** (१) यस निर्देशन बमोजिम जारी भएको बीमालेख तथा अतिरिक्त जोखिम रक्षावरण बीमालेखमा दाबी परेमा दाबी भुक्तानी गर्न योग्य रकमको बढीमा दश प्रतिशतमा नबढ्ने गरी बीमक तथा बीमित बीच आपसी समझदारीमा अधिक कायम गर्नु पर्नेछ ।

(२) अतिरिक्त जोखिम रक्षावरण थप गरेको बीमालेखमा मूल बीमालेखमा रक्षावरण भएका जोखिम बाहेक अतिरिक्त रक्षावरणमा रहेको जोखिमको कारण मात्र क्षति भएमा उक्त अतिरिक्त जोखिम रक्षावरणमा उल्लेख भएको अधिक रकम मात्र लागू गरी दाबी भुक्तानी गर्नु पर्नेछ।

(३) मूल बीमालेख र अतिरिक्त रक्षावरण बीमालेख अन्तर्गत रक्षावरण भएका जोखिमका कारण एकै घटनाबाट दाबी परेको अवस्थामा मूल बीमालेखको मात्र अधिक कायम गर्नुपर्नेछ ।

१५. **बीमाङ्क निर्धारण**: (१) यस निर्देशन बमोजिम बीमा गरिने परियोजना अन्तर्गतको ठेक्काको निर्माण कार्यको बीमाङ्क रकम सम्झौता कागजातमा उल्लेख भए अनुसार कायम गर्नु पर्नेछ र निर्माण कार्यको सम्झौता मूल्य भन्दा बढी बीमाङ्क कायम गर्नु पर्ने अवस्थामा अतिरक्त बीमाङ्कको विवरण (variation, price escalation, derbies removal, professional fees जस्ता सम्झौतामा उल्लेखित अतिरिक्त रकम)बीमालेखको तालिकामा स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(२) परियोजना अन्तर्गतको ठेक्कामा प्रयोग गरिने मेशिन, औजार वा प्लाण्टको बीमाङ्क रकम पूर्ण प्रतिस्थापन खर्च बराबर हुने गरी कायम गर्नु पर्नेछ।

१६. **दाबी भुक्तानी**: यस निर्देशन बमोजिम जारी भएको बीमालेखको दाबी भुक्तानी सम्बन्धित बीमालेख तथा प्राधिकरणबाट जारी दाबी भुक्तानी मार्गदर्शन बमोजिम हुनेछ।

१७. **खारेजी र बचाउ**: (१) यस अघि प्राधिकरणबाट जारी भएको इञ्जिनियरिङ्ग बीमा सँग सम्बन्धित निर्देशन, निर्देशिका तथा परिपत्रहरु खारेज गरिएको छ ।

(२) Minimum premium rate for non tariff insurance business तथा इञ्जिनियरिङ्ग बीमा सम्बन्धी परिपत्रहरु अनुसार बमोजिम भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।